"जलश्रोत, पर्यटन र जडिबुटीले समुन्नत विगु गाउँपालिका"

# विगु गाउँपालिका
## Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
वागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या/Ref. No:- २०८२/०८३

चलानि नं./Dispatch No:

मिति/Date:- २०८२।०४।०२

**सामाजिक सुरक्षा परिचय–पत्र नवीकरण तथा सूचीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) बमोजिम आर्थिक वर्ष २०८२।०८३ का लागि २०८२ भाद्र मसान्त भित्र वडा कार्यालयमा सम्बन्धित व्यक्ति उपस्थित भई अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नु गराउनुहुन सूचित गरिन्छ । साथै तोकिएको समयसम्म नवीकरण नगराएमा लाभग्राही विवरण प्रणाली मार्फत स्वतः लगत कट्टा हुने र पुन सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनु पर्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु /स्थानीय पञ्जिकाधिकारीले सङ्कलन गर्नुपर्ने कागजातहरु :**

१. राष्ट्रिय परिचयपत्र नंम्बर Biometric Verification प्रयोजनार्थ National ID (NIN) नम्बर अनिवार्य ।
२. नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
३. सम्बन्धित लाभग्राहीको एक प्रति हालसालै खिचेको फोटो ।
४. बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि तथा बुबा आमाको नागरिकता प्रमाणपत्र प्रतिलिपि ।
५. सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपिर अर्को विवाह नगरेको प्रमाण पत्रको (सिफारीस) प्रतिलिपि ।
६. विधुवा महिलाको हकमा आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
७. न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण पत्र (सिफारीस) को प्रतिलिपि।
८. अपाङ्गता भएका व्यक्तिको हकमा साविकको महिला तथा बालबालिका कार्यालय/गाउँपालिका बाट प्राप्त अपाङ्गता परिचय पत्रको प्रतिलिपि तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

....................

रत्न बहादुर थामी
नि.प्रमुख प्रशासकीय अधिकृत